मिति २०८२/१०/२५ गते आइतबार युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री लोकनाथ पौड्यालज्यूको संयोजकत्वमा सबै सम्बद्ध निकायका प्रमुख तथा प्रतिनिधि कर्मचारी लगायतका मन्त्रालयका कर्मचारीहरूको उपस्थितिमा वैठक बसी तपशिल बमोजिमको छलफल र निर्णयहरू गरियो।

छलफल तथा निर्णयहरू

१. सबै निकायको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखा परीक्षक कार्यालयबाट वार्षिक प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयन गर्ने र सोको प्रगति अद्यावधिक गर्ने। जस अन्तर्गत देहायका विषयहरूमा कार्य प्रारम्भ गर्ने:

   क. लिलाम गर्नुपर्ने जिन्सी सामाग्री कानून बमोजिम लिलाम गर्ने

   ख. नियमानुसार धुल्याउनु पर्ने कागजात धुल्याउने र कागजात Digitize गरी संरक्षण गर्ने सम्बन्धी कार्य अगाडी बढाउने।

   ग. सबै निकायको बेरूजुको अभिलेख अद्यावधिक गर्ने र वेरूजु अन्तर्गत असुल गर्नुपर्ने र म्याद नाघेको पेश्की फस्यौंट गर्ने सम्बन्धमा:

      अ. कर्मचारीको म्याद नाघेको पेश्की र असुल गर्नुपर्ने वेरूजु असुलीको प्रक्रिया तत्काल सुरू गर्ने। सोको अभिलेख मन्त्रालयमा पठाउने।

      आ. पदाधिकारीको नाममा रहेको वेरूजु फस्यौंटका लागि प्रक्रिया सुरु गर्ने।

      इ. संस्थागत वेरूजुको अभिलेख मन्त्रालयमा उपलब्ध गराउने र फस्यौंटको प्रकृया अगाडी बढाउने।

   घ. अन्य सबै प्रकारका वेरूजुको लागत अद्यावधिक गरी फस्यौंटको प्रक्रिया अगाडी बढाउने।

   ङ. आ.व. २०८२/८३ का वार्षिक वजेट अन्तर्गतका कार्यक्रमहरू कार्यान्वयनको अवस्थाका बारेमा समिक्षा गरी प्रगति बढाउने तर्फ मन्त्रालय खेलकुद विकास महाशाखा प्रमुखले संयोजन गर्ने र सबै निकायका योजना शाखाका कर्मचारीले समन्वय गर्ने।

   च. वार्षिक प्रतिवेदनले सुझाव दिए बमोजिमका पूर्वाधार मापदण्ड, अनुदान वितरण मापदण्ड/कार्यविधि, राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडीको सेवा, सुविधा सम्बन्धी मापदण्ड लगायत अन्य आवश्यक मापदण्डहरू कानून बमोजिम निर्माण गरी कार्यान्वयन गर्ने

   छ. एकै किसिमका कामका लागि खडा गरिएका वहुनिकायको एकिकरण र सबै निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा मन्त्रालय युवा विकास महाशाखा प्रमुखको संयोजनमा युवा परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषका प्रशासन र आर्थिक प्रशासन हेर्ने कर्मचारीको समन्वयमा अध्ययन छलफल खाका तयार गर्ने।

   ज. सम्पत्तिको अभिलेख र संरक्षणका लागि लगत अद्यावधिक गर्ने र PAMS को प्रयोगलाई चुस्त बनाउँदै लैजाने।

   झ. सबै निकायसँग सम्बन्धित ऐन निर्माण वा संशोधन गर्नुपर्ने भएमा सोको प्रक्रिया अगाडि बढाउने।

   ञ. आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यक्रम तर्जुमा गर्ने क्रममा कार्यान्वयन योग्य र नतिजा प्राप्त हुन सक्ने प्रकृतिका आयोजना/कार्यक्रम मात्र छनौट गर्नेगरी काम सुरू गर्ने।

   ट. यस वैठकमा भएका निर्णयहरू मन्त्रालय र सम्बद्ध सबै निकायका website मा सार्वजनिक गर्ने।